# फिलिपिन्सका पूर्वराष्ट्रपति दुतेर्ते पक्राउ

**फिलिपिन्सको राष्ट्रपति र त्यसअघि डाभाओ सहरको मेयर रहेका दुतेर्तेले लागूऔषधविरुद्धको कारबाहीका नाममा ६ हजार मान्छे मारेको अभिलेख प्रहरीमा छ, स्वतन्त्र अनुसन्धानले भने कम्तिमा २७ हजार मारिएको निकर्ष दिएका छन्**

**एजेन्सी** (मनिला)

फिलिपिन्सका पूर्वराष्ट्रपति रोड्रिगो दुतेर्ते मानवताविरुद्धको अपराध आरोपमा मंगलबार पक्राउ परेका छन्। ७९ वर्षीय दुतेर्तेलाई फिलिपिन्स प्रहरीले हङकङबाट मनिला विमानस्थलमा आइपुगेको केही समयमै हिरासतमा लिएको हो। दुतेर्तेविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) ले 'लागूऔषधविरुद्धको युद्ध' का नाममा मानवताविरुद्धको अपराध गरेको आरोपमा पक्राउ पुर्जी जारी गरेको थियो। २०१६ देखि २०२२ सम्म फिलिपिन्सको राष्ट्रपति र त्यसअघि डाभाओ सहरको मेयर रहेका दुतेर्तेले पदमा रहँदा क्रूर लागूऔषधविरोधी कारबाही चलाएका थिए। उक्त कारबाहीमा ६ हजार मान्छे मारिएको अभिलेख प्रहरीमा छ, स्वतन्त्र अनुसन्धानले भने कम्तिमा २७ हजार मारिएको निकर्ष दिएका छन्।

प्रहरीले नियन्त्रणमा लिएसँगै दुतेर्तेले आफूविरुद्ध जारी गरिएको पक्राउ पुर्जीको आधारबारे प्रश्न उठाएका छन्। उनले भनेका छन्, 'मैले के अपराध गरेको छु ?' पूर्वराष्ट्रपति दुतेर्तेका प्रवक्ता साल्भाडोर पानेलोले फिलिपिन्स २०१९ मै आईसीसीबाट अलग भएको भन्दै गिरफ्तारीको आलोचना गरेका छन्। आईसीसीले जारी गरेको पुर्जीका आधारमा उनलाई पक्राउ गरिनु 'गैरकानुनी' भएको उनको दाबी छ। तर आईसीसीले फिलिपिन्सले सदस्यता त्याग्नुअघि नै भएका अपराधका सम्बन्धमा फिलिपिन्समा यसको क्षेत्राधिकार रहेको बताइसकेको छ।

अधिकारकर्मीले भने दुतेर्तेको गिरफ्तारीलाई लागूऔषधसम्बन्धी युद्धमा मारिएका र उनीहरूका परिवारका लागि 'ऐतिहासिक क्षण' भएको बताएका छन्। 'नैतिक ब्रह्माण्डको चाप लामो छ। तर आज, यो न्यायतिर झुकेको छ। दुतेर्तेको गिरफ्तारी उनको क्रूर शासनलाई परिभाषित गर्ने सामूहिक हत्याका लागि जवाफदेहिताको सुरुवात हो,' फिलिपिन्समा मानवअधिकारका लागि अन्तर्राष्ट्रिय गठबन्धन (आईसीएचआरपी) का अध्यक्ष पिटर मर्फीले भने।

दुतेर्ते आगामी मे १२ मा हुने मध्यावधि चुनावको प्रचार गर्न हङकङ पुगेका थिए। जहाँ उनले दाभाओको मेयरका लागि फेरि उम्मेदवारी दिने योजना बनाएका थिए।



फिलिपिन्सका पूर्वराष्ट्रपति रोड्रिगो दुतेर्ते

स्थानीय टेलिभिजनमा प्रसारित दृश्यमा दुतेर्ते लट्ठीको प्रयोग गरेर विमानस्थलबाट बाहिर निस्किरहेको देखिन्छ। अधिकारीहरूले उनको स्वास्थ्य अवस्था राम्रो रहेको र सरकारी चिकित्सकले हेरचाह गरिरहेको बताएका छन्।

'मेरो पाप के हो ? मैले मेरो समयमा जे गरें त्यो सबै शान्ति र फिलिपिनो जनताको शान्तिपूर्ण जीवनका लागि हो,' हङकङ छाड्नु अघि फिलिपिनो प्रवासीहरूको उत्साहजनक भीडलाई सम्बोधन गर्दै उनले भनेका थिए। छोरी भेरोनिकाले पोस्ट गरेको भिडियोमा दुतेर्तेलाई मनिलाको भिल्लामोर एयर बेसको एक लाउन्जमा हिरासतमा राखिएको देखाइएको छ। त्यसमा उनले आफूलाई पक्राउ गर्नुको कारणबारे सोधेको सुन्न सकिन्छ। 'कानुन के हो र मैले गरेको अपराध के हो ? मलाई यहाँ मेरो इच्छाले होइन, अरू कसैले ल्याइएको हो। स्वतन्त्रता वञ्चितका लागि अब तपाईंले जवाफ दिनुपर्छ।'

फिलिपिन्सका राजनीतिक विश्लेषक रिचर्ड हेयडारियन दुतेर्तेको गिरफ्तारीले 'फिलिपिन्सको इतिहासमा नयाँ अध्यायको सुरुवात' भएको संकेत गर्ने बताउँछन्। 'यो कानुनको शासन र मानवअधिकारको विषय हो,' उनले भने। राजनीतिक अराजकताबाट बच्न अधिकारीहरूले स्थानीय अदालतमार्फत मुद्दा चल्न दिनुको सट्टा विमानस्थलमा दुतेर्तेलाई पक्राउ गरेको हेयडारियनको भनाइ छ। दुतेर्तेको लागूऔषध युद्धमा न्यायको माग उनका उत्तराधिकारी राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरको राजनीतिक स्वार्थसँग जोडिने हेयडारियनले बताए।

सन् २०२२ मा भएको पछिल्लो चुनावमा दुतेर्ते र मार्कोस परिवारले एक शक्तिशाली गठबन्धन बनाएका थिए। दुतेर्ते गठबन्धनमा आफ्नी छोरी सारालाई राष्ट्रपतिको उम्मेवार बनाउन चाहन्थे। तर उनको इच्छाविपरीत सारा मार्कोस जुनियरको उपराष्ट्रपतिमा उभिएकी थिइन्।

तर दुई परिवारले छुट्टाछुट्टै राजनीतिक एजेन्डाहरू पछ्याएका कारण हालैका महिनाहरूमा सम्बन्ध बिग्रिएको छ। मार्कोसले सुरुमा आईसीसी अनुसन्धानमा सहयोग गर्न अस्वीकार गरेका थिए। तर दुतेर्ते परिवारसँगको उनको सम्बन्ध बिग्रँदै गएपछि उनले आफ्नो अडान परिवर्तन गर्दै फिलिपिन्सले सहयोग गर्ने संकेत गरे। तर मार्कोस हेगमा मुद्दा चलाउन पूर्वराष्ट्रपतिलाई सुपुर्दगी गर्ने हदसम्म जान्छन् वा जाँदैनन् भन्ने अझै स्पष्ट छैन।

दुतेर्तेले २२ वर्षसम्म दक्षिणी महानगर डाभाओको मेयरका रूपमा सेवा गरे। उनले आफ्नो कार्यकालमा डाभाओलाई देशकै सुरक्षित महानगर बनाएका थिए। तर सन् २०१६ को चुनाव जित्न उनले आफूलाई कडा बोल्ने र संस्थापनविरोधी राजनीतिज्ञका रूपमा प्रस्तुत गरे।

दुतेर्तेले लागूऔषधका सन्दिग्धहरूलाई गोली हानी मार्न सुरक्षा बलहरूलाई सार्वजनिक निर्देशन दिए। अभियानका क्रममा ६ हजारभन्दा बढी सन्दिग्धहरूलाई प्रहरी वा अज्ञात आक्रमणकारीहरूले गोली हानेका थिए। तर अधिकार समूहहरूले यो संख्या बढी हुन सक्ने बताउँदै आएका छन्।

संयुक्त राष्ट्रसंघको अघिल्लो प्रतिवेदनले धेरैजसो पीडितहरू युवा, सहरी क्षेत्रका गरिब पुरुषहरू रहेको औंल्याएको छ। त्यतिबेला कुनै पनि घरमा छापा मार्न वा पक्राउ गर्ने पुर्जीको आवश्यकता नपर्ने व्यवस्था गरिएको थियो। त्यसका साथै सन्दिग्धहरूलाई साबिती बयानका लागि बाध्य बनाउन बल प्रयोग गरिएको थियो।

तर आलोचकहरूले भने दुतेर्तेको अभियानले ठूल्ठूला लागूऔषध मालिकलाई समात्न असफल भएको बताएका थिए। धेरै पीडित परिवारले आफ्ना छोरा, दाजुभाइ वा श्रीमान्हरू गलत समयमा गलत ठाउँमा भएकै कारण मारिएको बताएका थिए।

संसदीय अनुसन्धानले लागूऔषधका सन्दिग्धलाई लक्षित गर्दै 'इनामी सिकारी' को प्रयोग गरिएको औंल्याएको छ। दुतेर्तेले भने उक्त आरोप अस्वीकार गरेका छन्। 'मेरा नीतिहरूमा प्रश्न नगर्नुहोस् किनभने म कुनै माफी माग्दिनँ। कुनै बहाना बनाउँदिनँ। मैले जे गर्नुपर्थ्यो त्यो गरें, तपाईं विश्वास गर्नुस् वा नगर्नुस्। मैले यो मेरो देशका लागि गरें,' दुतेर्तेले अक्टोबरमा संसद्को अनुसन्धानमा भनेका थिए।

# अमेरिकासँगको वार्ता निकै रचनात्मक : युक्रेन

जेद्दाह (एजेन्सी)- युक्रेनले अमेरिकासँग साउदी अरबमा गरेको वार्ता निकै रचनात्मक भएको बताएको छ। युक्रेनी वार्ता टोलीका एक सदस्यले युक्रेन दिगो शान्तिका पक्षमा रहेको र अमेरिकासँगको वार्ता निकै रचनात्मक र सकारात्मक भएको जनाएको बीबीसीले उल्लेख गरेको छ।

'अमेरिकी टोलीसँगको बैठक धेरै रचनात्मक तरिकाले सुरु भयो। हामी न्यायपूर्ण र दिगो शान्तिका लागि काम गरिरहेका छौं,' ती अधिकारीले भनेका छन्। दुई देशबीच साउदी अरबको जेद्दाहस्थित रिट्ज कार्लटन होटलमा मंगलबार वार्ता भएको हो। वार्तामा सहभागी अमेरिकी टोलीमा विदेशमन्त्री रुबियो र राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्ज थिए। विदेशमन्त्री एन्ड्री सिबिहाले नेतृत्व गरेको युक्रेनी टोलीमा रक्षामन्त्री रुस्तेम उमेरोभ, राष्ट्रपति कार्यालयका प्रमुख एन्ड्री यर्मक सहभागी थिए।

आयोजक साउदीका तर्फबाट विदेशमन्त्री फैसल बिन फरहान र राष्ट्रिय सुरक्षा सल्लाहकार मोसाद बिन मोहम्मद अल-ऐवान उपस्थित थिए। वार्ताका लागि अमेरिकी टोली मंगलबार साउदी अरब पुगेको हो। युक्रेनी टोली भने सोमबार नै साउदी पुगेको थियो। यसअघि अमेरिकी विदेशमन्त्री मार्को रुबियोले युक्रेनसँगको वार्ता राम्रो र सकारात्मक हुने बताएका थिए।

सोमबार नै साउदी पुगेका युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले साउदी युवराज मोहम्मद बिन सलमानसँग भेटवार्ता गरेका छन्। सलमानसँगको भेटमा जेलेन्स्कीले युक्रेन संकट समाधान र शान्तिका लागि भइरहेका अन्तर्राष्ट्रिय प्रयासमा साउदी अरबले पुर्‍याएको समर्थनलाई जोड दिएका थिए। यसअघि राष्ट्रपति जेलेन्स्कीले आफ्नो हितका लागि 'रचनात्मक वार्ता गर्न प्रतिवद्ध' रहेको बताएका थिए। 'शान्ति नजिक ल्याउने र समर्थन जारी राख्ने दुवै सन्दर्भमा हामी परिणामको आशा गर्दछौं,' जेलेन्स्कीले भनेका थिए। साउदीमा वार्ता भइरहेका बेला युक्रेन र रुसबीचको युद्ध भने जारी थियो। युक्रेनले रुसी राजधानी मस्कोमा र रुसले कुर्स्क क्षेत्रमा आक्रमण गरेका छन्।

युक्रेनले मस्कोमा गरेको ड्रोन आक्रमणमा कम्तीमा दुई जनाको ज्यान गएको छ। आक्रमणमा तीन जना घाइते भएका रुसी अधिकारीहरूले जनाएका छन्। मस्कोका मेयर सर्गेई सोबयानीले सहरतर्फ आएका ७३ ड्रोन भने निष्क्रिय पारेको बताए। आक्रमणपछि मस्कोको एक जिल्लामा रेल सञ्जाल बन्द गरिएको छ भने एक विमानस्थलबाट हवाई उडान बन्द गरिएको छ।

त्यस्तै, रुसले कुर्स्क क्षेत्रमा आक्रमण जारी राखेको बीबीसीले जनाएको छ। रुसले कुर्स्क क्षेत्रमा कम्तीमा सय वर्गकिमि क्षेत्रफल कब्जामा लिएको छ। साउदी अरबमा अमेरिका र युक्रेनबीच वार्ता चलिरहेका बेला रुसले गरेको आक्रमणले युक्रेनको 'बार्गेनिङ' शक्ति थप कमजोर हुने देखिएको छ। यसअघि अमेरिकीसँग खनिज सम्झौताका लागि जेलेन्स्की अमेरिकी राष्ट्रपति कार्यालय ह्वाइटहाउस पुगेका थिए। तर उनको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उपराष्ट्रपति जेडी भेन्ससँग चर्काचर्की परेको थियो। ओभल अफिसमा भएको चर्काचर्कीपछि दुई देशबीच हुने भनिएको खनिज सम्झौता हुन सकेको थिएन। ट्रम्पले जेलेन्स्की लडाइँ अन्त्य गर्न तयार नभएको दाबी गरेका थिए।

**साउदीमा युक्रेनले अमेरिकासँग वार्ता गरिरहेका बेला युक्रेन-रुसबीचको युद्ध भने जारी छ, युक्रेनले रुसी राजधानी मस्कोमा र रुसले कुर्स्क क्षेत्रमा आक्रमण गरेका छन्**

त्यसलगत्तै अमेरिकाले युक्रेनमाथि दवाब बढाउँदै गएको छ। मस्कोसँग तत्काल युद्धविरामका लागि अमेरिकी प्रस्ताव स्वीकार गर्नुपर्ने अमेरिकी राष्ट्रपति ट्रम्पको भनाइ छ। तर जेलेन्स्कीले भनेजस्तो युक्रेनको सुरक्षा प्रत्याभूतिका लागि भने अमेरिका तयार भएको छैन। अमेरिकाले युक्रेनलाई दबाब दिनकै लागि सैन्यलगायत सहायता रोक्का गर्नुका साथै युक्रेनको उपग्रह तस्बिरमा पहुँच सीमित पारेको छ। ट्रम्प प्रशासनले दवाब बढाउँदै लगेपछि जेलेन्स्कीले ओभल अफिसमा भएको घटनाबारे पछुतो व्यक्त गर्दै अमेरिकासँग सम्बन्ध सुधार गर्ने प्रयास गरेका छन्। अमेरिका युक्रेन युद्धका लागि सबैभन्दा ठूलो सैन्य आपूर्तिकर्ता हो।


प्रदेश सरकार

**खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालय**

कोशी प्रदेश, विराटनगर

**क्याटलग सपिङ्ग विधिद्वारा चारपाङ्ग्रे सवारी साधन खरिद गर्ने सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८१/११/२८

यस मन्त्रालयको आ.व. २०८१/०८२ को स्विकृत कार्यक्रम अनुसार देहायको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क ८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) बमोजिम उत्पादक कम्पनि वा सोको आधिकारीक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) बिधिबाट खरिद गर्नुपर्ने भएकोले सवारी साधनको उत्पादक वा आधिकारीक बिक्रेताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०८१/०८२ सम्मको लागि फर्म नविकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, उत्पादनको आधिकारिक स्पशिफिकेशन, मुल्य, गुणस्तर तथा सुविधा सहितको विवरण (क्याटलग/ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन १२:०० बजेसम्म यस मन्त्रालयमा निवेदन दर्ता गराउन यो सूचना आह्वान गरिएको छ तथा दर्ता गरिएका शिलबन्दि प्रस्तावहरु सोही दिन दिनको २:०० बजे खोलिने छ। शिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ।

तपसील

| Type | Requirements (General Specifications) | No. | Remarks |
|---|---|---|---|
| Procurement of RHD SUV Car | Four door, RHD SUV- Car, Petrol Engine of volume not less than 990 CC with maximum power output not less than 70 PS and maximum Torque not less than 95 N-m, with some additional features like: ABS & EBD, AC, Airbags, all power windows, Auto dimming IRVM & Ground Clearance minimum 203mm with minimum one year warranty after Delivery | 1 (One) | Specifications not included in this notice shall be as per approved technical specification. |

नोट: यस सम्बन्धि बिस्तृत प्राविधिक स्पेसिफिकेशनको लागि यस मन्त्रालयमा सम्पर्क राख्नु हुन वा मन्त्रालयको वेवसाईट (www.mowsie.koshi.gov.np) मा समेत उपलब्ध हुने व्यहोरा जानकारी गराईन्छ।



**विद्यालय कक्षाकोठा तथा पुस्तकालयको लागि फर्निचर निर्माण तथा ढुवानी सम्बन्धी टेन्डर (बोलपत्र) आव्हानको म्याद थप गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०८१ फागुन २८ गते

यस संस्थाद्वारा मिति २०८१ फागुन ११ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार रीतपूर्वकको बोलपत्रहरु प्राप्त हुन नआएकोले म्याद थप गरिएको छ। इच्छुक कम्पनीले आफ्नो कार्यालयको लेटर प्याडमा निवेदन दिई फारम प्राप्त गरी मिति २०८१/१२/०६ गते १२ बजेसम्ममा तलको ठेगानामा बुझाउन सकिनेछ। यो बोलपत्र सूचनाको विस्तृत जानकारी **Jobsnepal.com** वा **www.peacenepal.org** मा हेर्नुहुन अनुरोध गरिन्छ। अन्य शर्तहरु यथावत रहेको छ।

**पिस नेपाल (PEACE Nepal)**
कपिलवस्तु-३, तौलिहवा
फोन नं.०७६-५६१३३१, Peacenepal.rtr@gmail.com



*बुढानीलकण्ठ नगरपालिका*
*नगर कार्यपालिकाको कार्यालय*
*हात्तीगौंडा, काठमाडौं*
*बागमती प्रदेश, नेपाल*

**बोलपत्र मूल्याकंन स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८१/११/२८
नेपाल सम्वत् ११४५

यस कार्यालयको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपशिलको निर्माण कार्यको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना बमोजिम यस कार्यालयको तपशिल बोलपत्रदाताको न्युनतम मुल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ।

| सि.नं | ठेक्काको नाम/ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल (अंक मु.अ.क र PS बाहेक) |
|---|---|---|---|
| 1. | Road upgradation works at Chauki Danda Ward no 01 (NCB/BNP/CW/081_082/11) | Season and Shiwani Construction Pvt. Ltd, Koteshwor_32, Kathmandu | 1,21,41,031.00 |

प्रमुख प्रशासकीय अधिकृत



# वर्गीकृत विज्ञापन

**घर जग्गा**

बारा जिल्ला निजगढ बडहर्वामा आकर्षक घडेरीहरू सस्तो मुल्यमा विक्रिमा ९७०२०४५०२२, ९८४९७०२४०५

सस्तोमा ०-३-२-० , ०-४-०-० , ०-९-३-० ९८५१०९४८४३

५४ लाखमा नयांपाटीमा ०-३-०-० ९८०३०४५०१८

चन्द्रगीरी ८ नं वडा ब्राईट होराईजन पछाडि ०-५-०३-०० प्रति आना १६,०००००/-, ९८४१५५६३२९

**सम्पर्क**

सस्तोमा CASHDEPOSIT धितोफुकुवा, बैंकलोन 9851154609

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि अतिसस्तोमा Cash Deposit 9851162953

Cashdeposit Statement धितोलोनचुक्ता शेयरलगत ९८५१००६६८८

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

ढलटवाइलेट मंगल जामखोल्ने सस्तोमा 9841634234

**भाडामा**

कालिमाटीमा ठुलो कम्पाउण्डमा तिन कोठा ९८४१७३१५४७

**चाहियो**

सेक्युरिटी गार्ड तु.अर्जेन्ट १९०००-२३०००, ९८२३००५३८४

कोटेश्वरमा कुक, हेल्पर, स्वीपर, वेटर ९८४१९६३०२६

किचनहेल्पर आकर्षकतलब बसुन्धारा खानबस्न ९८४९४३८७३९

मिनरलवाटर फैक्टरीको लागि आफ्नै मोटरसाइकल भएको मार्केटिङ्ग अफिसर चाहियो ९८०२३७१८२०

कस्मेटिक मार्केटिङ्गमा खानबस्न 17,500/- 9817175092

मलेसियामा सेक्युरिटीगार्ड खल्यो 9851107230, 9803774553

अलराउण्डर तन्दुरीकुक हेल्पर भाडामाज्ने 9843332870

फास्टफुड बनाउनजान्ने SLC Pass कामदारचाहियो ९८२३०२३४८५, ९८४९१०५७७२

तन्दुरी कुक चाहियो महाराजगञ्ज ९८४१७४४०४८

रिसोर्टकोलागि अलराउन्डर कुक-खानबस्न सुविधा नाइट क्लबकोलागि ड्राइभर+ बाउन्सर, महिला क्यासियर अर्जेन्ट चाहियो ९८५१०५९२६९, ०१५१२८०७२

हेल्पर, मसाल्ची चाहियो जोरपाटी 9823348318

Cook for school, Sukedhara 9841200709

कोल्डस्टोरको लागि मिटकटर, सातदोबाटो ९८०१२३२३१०

होटलकोलागि तन्दुरीकुक, हाउसकिपिङ्ग, मसाल्ची चाहियो खानबस्नकोसुविधा ९८४३२४२३११

नयाँबानेश्वर खाजाघरमा कामगर्ने महिला चाहियो 9808217825

मोण्टेश्वरी टिचर, आया दिदि, पाटन ढोका, 9841733643

भु.पु सिभिल गार्डहरू चाहियो, ९८५१०७०००९

पसलकोलागि महिला कर्मचारी चाहियो ९८५१०९७००६

बालाजुमा म:म पसलमा खानबस्न सहित हेल्पर, मसाल्ची, काउन्टरमा कामगर्ने महिला पुरुष चाहियो ९८०१७६३९९९

**मर्मत**

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

डलमंगाल जामखोल्ने सेफ्टीटंयाकी तान्ने 9808849489

**उपचार**

विशेष छुट सबै किसिमका सरुवा यौनरोग तथा यौन समस्याहरूको सफल उपचार माता मनकामना आरोग्य क्लिनिक, पुतलीसडक 01-5340381, 5325535, 9841491186

**बिहावारी**

देशविदेशीमा बस्ने उत्कृष्ट भविष्य भएका नर्स, डाक्टर, ईन्जिनियरका लागि उपयुक्त वरवधू चाहिएमा ९८४२९८११७८

अमेरीकास्थित Global संस्थामा उच्च पदमा कार्यरत क्षेत्री केटा सुयोग्य केटीको खोजीमा, 9841634141

# वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिङ | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| क्रिपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | काकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०५, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

* मु.अ.क. बाहेक

**Technical Specification of Right Hand Drive SUV**

| S.N. | Criteria | Requirement | Bidder's Offer |
|---|---|---|---|
| 1 | General | **Four door, Right Hand Drive SUV- Car** suitable to operate in rough and hilly road condition of Nepal. Shall have seating capacity for at least 5 person including driver | **Make:**<br>**Model:**<br>**Country of Origin:** |
| 2 | Engine | 4-Stroke, Water cooled gasoline Petrol Engine, with displacement not less than 990 cc, developing Maximum rated power output not less than **70 PS** and maximum torque should not be less than **95 N-m** at governed RPM, shall be fully equipped with accessories for efficient full load operation of Car. | **Make:**<br>**Model:** |
| 3 | Emission Standard | The emission standard of the offered vehicle must be in compliance with or superior than the applicable **Standard as prescribed by Nepal Vehicle Mass Emission Standard 2069 (Euro-III), which is to be certified by Department of Transport Management** | |
| 4 | Gauges | To include all the gauges, indicators, signals, necessary for efficient operation, functional, monitoring, vehicle performance and maintenance that includes (but not limited to) battery charge indicator, water temperature, fuel, oil pressure, transmission gauge etc. with all standards items of offered model vehicle necessary for efficient operation and maintenance. | |
| 6 | Transmission | **Manual Shift at least Five Forward and One Reverse, Floor Mounted** | |
| 7 | Ground clearance | High Ground clearance preferred.<br>**Minimum 203 mm.** | |
| 8 | Fuel Tank Capacity | **Should be Min. 40 Litre.** | |
| 9 | Suspension | Mcpherson strut/coil spring/anti-roll bar/dual path mount/stabilizer/independent/lower wishbone/coupled for front wheel and torsion beam real wheel | |
| 10 | Tires | Standard Size | |
| 11 | Steering | **Power assisted/Power Steering with tilt steering** | |
| 12 | Turning Circle Radius | **Not More than 5 m** | |
| 13 | Brakes | **Front: Disc**<br>**Rear: Drum** | |

**Technical Specification of Right Hand Drive SUV**

| S.N. | Criteria | Requirement | Bidder's Offer |
|---|---|---|---|
| 14 | Cab | Four side doors and one rear door for luggage compartment at the rear of the Car. All metallic cab with insulated roof. Laminated / tinted glasses windscreen, front windscreen washers and wipers, comfortable and adjustable seats for driver and co-passengers. Two sun visors, rear view mirror and two side view mirrors. | |
| 15 | Chassis and frame | Steel, heavy duty suitable for rough road conditions with toe-hook | |
| 16 | Essential accessories | 1. Head light, tail and rear light, reversing light, and turn signals.<br>2. Cabin lights<br>3. Speedometer / Odometer.<br>4. Heavy duty front bumper<br>5. One Spare wheel with tyre .<br>6. Jack and handle.<br>7. Seat belt for driver and co-driver.<br>8. **Automatic Air Conditioner (including rear AC vent)**<br>9. **Central Door Locking Sysyem**<br>10. **Floating Touchscreen Information System (Manufacture fitted)**<br>11. **Power windows (Front & Rear)** | |
| 17 | Instructions | All signs and instructions in the vehicle shall be in English. | |
| 18 | Manuals | One Copy of the Operator's and Owner's instructions and maintenance manual in English shall be supplied with the vehicle. | |
| 19 | Tools | A set of tools as reqired for general maintenance shall be supplied. | |
| 20 | Colour | Standard color | |

**Technical Specification of Right Hand Drive SUV**

| S.N. | Criteria | Requirement | Bidder's Offer |
|---|---|---|---|
| 21 | Proven Performance | 1. The vehicle offered shall be 2024 model onwards under standard production by the manufacturer.<br>2. The bidder shall provide the manufacturer's data of the performance of the unit to include the fuel consumption, performance curve of the engine and production capacity | |
| 22 | Warranty | Manufacturer shall provide **a minimum of One-year warranty after acceptance.** | |
| 23 | Delivery | **As per required** | |
| 24 | Delivery Period | Within 30 days after signing the agreement | |